## थप जान्नुहोस्

### हेपाटाइटिसको उपचार

यदि तपाईंलाई दीर्घकालीन हेपाटाइटिस बी छ भने तपाईंले आफ्नो कलेजोको स्वास्थ्य जाँच गर्न नियमित रूपमा आफ्नो डाक्टरलाई भेट्नुपर्छ, किनकि कलेजोमा कुनै पनि समय क्षति हुन सक्छ।

हेपाटाइटिस बी भाइरसलाई नियन्त्रण गर्न सक्ने औषधिहरू छन्। तिनीहरूले तपाईंको कलेजोमा हुने क्षति कम गर्न र कलेजोको क्यान्सरको जोखिम कम गर्न सक्छन्। तपाईंलाई औषधि चाहिन्छ कि पर्दैन भन्ने कुरा तपाईंको डाक्टरले बताउनुहुनेछ।

### हेपाटाइटिस खोप

हेपाटाइटिस बी विरुद्ध सुरक्षित हुने उत्तम तरिका खोप हो। यदि तपाईंले हेपाटाइटिस बी को खोप लगाउनुभएको छ भने तपाईंलाई यो भाइरस लाग्न सक्दैन।

अष्ट्रेलियामा, हेपाटाइटिस बी खोप नवजात शिशुहरू, बालबालिका र किशोरकिशोरीहरू, साथै परिवार र हेपाटाइटिस बी भएको कसैसँग नजिकको सम्पर्कमा रहेका मानिसहरूका लागि निःशुल्क छ।

हेपाटाइटिस बी खोपको बारेमा आफ्नो डाक्टरलाई सोध्नुहोस्।



## थप जानकारीको लागि यहाँ जानुहोस्:

### बहुसांस्कृतिक एचआईभी र हेपाटाइटिस सेवा

जानकारी नेपाली भाषामा

- www.mhahs.org.au
- info@mhahs.org.au
- TheMHAHS

### हेपाटाइटिस NSW

हेपाटाइटिस हेल्पलाइन

- www.hepb.org.au
- Sydney: 02 9332 1599
- Regional NSW: 1800 803 990

### हेपाटाइटिस अष्ट्रेलिया

राष्ट्रिय सूचना नम्बर

- www.hepatitisaustralia.com
- 1300 437 222

### अनुवाद र दोभाषे सेवा (TIS)

आफ्नो भाषामा दोभासेसँग कुरा गर्नुहोस्

- 131 450

**www.mhahs.org.au/ index.php/ en/hepatitis/hepatitis-b-testing**

२०२५



# हेपाटाइटिस बी

## के तपाईं हेपाटाइटिस बी लिएर बाँचिरहनुभएको छ? पत्ता लगाउनुहोस्। परीक्षण गराउनुहोस्।

# हेपाटाइटिस बी भनेको के हो?

हेपाटाइटिस बी भाइरसको कारणले हुने कलेजोको संक्रमण हेपाटाइटिस बी हो। हेपाटाइटिस शब्दको अर्थ कलेजोको सूजन हो।

कलेजो सुन्निएको वा बिग्रिएको बेला, यसले राम्रोसँग काम नगर्न सक्छ, र यसले तपाईंको स्वास्थ्यलाई असर गर्न सक्छ।

हेपाटाइटिस तीव्र (छोटो अवधि) वा दीर्घकालीन (लामो अवधि) हुन सक्छ।

दीर्घकालीन हेपाटाइटिस बी को संक्रमण ६ महिना भन्दा बढी रहन्छ। दीर्घकालीन हेपाटाइटिस बी ले कलेजो क्षति (सिरोसिस) र कलेजो क्यान्सर हुन सक्छ।

दीर्घकालीन हेपाटाइटिस बी भएका धेरैजसो मानिसहरूलाई यो भएको थाहा हुँदैन, किनभने लक्षणहरू देखा पर्न धेरै वर्ष लाग्न सक्छ।




# के तपाईं हेपाटाइटिस बी सँग बाँचिरहनुभएको छ?

हाम्रो समुदायमा हेपाटाइटिस बी सामान्य छ।

अष्ट्रेलियामा दीर्घकालीन हेपाटाइटिस बी भएका अधिकांश मानिसहरू हेपाटाइटिस बी धेरै सामान्य हुने देशहरूमा जन्मिएका थिए।

## विश्वमा हेपाटाइटिस बी




कुनै व्यक्तिलाई हेपाटाइटिस बी जति कम उमेरमा हुन्छ, वयस्कमा दीर्घकालीन हेपाटाइटिस बी हुने जोखिम त्यति नै बढी हुन्छ। यो हुने सबैभन्दा सामान्य तरिकाहरू हुन्:

- जन्मदा, आमाबाट बच्चामा
- बाल्यकालमा, घाउ वा काटिएको ठाउँबाट एक व्यक्तिदेखि अर्को व्यक्तिमा।

हेपाटाइटिस बी भएका ९०% बच्चाहरूलाई दीर्घकालीन हेपाटाइटिस बी विकास हुनेछ।

# परीक्षण गराउनुहोस्।

तपाईंलाई पुरानो हेपाटाइटिस बी छ कि छैन भनेर थाहा पाउने एक मात्र तरिका हेपाटाइटिस बीको रगत परीक्षण गर्नु हो। यो छिटो र सजिलो छ।

हेपाटाइटिस बी परीक्षणको लागि आफ्नो डाक्टरलाई सोध्नुहोस् यदि तपाईं:

- हेपाटाइटिस बी सामान्य हुने देशहरूमा जन्मेका वा बसेका थिए।
- परिवारमा कुनै सदस्यलाई हेपाटाइटिस बी, कलेजोको रोग वा कलेजोको क्यान्सर भएमा ।
- पुरानो हेपाटाइटिस बी भएको व्यक्तिसँग बस्नु भएको भएमा ।
- असुरक्षित यौनसम्पर्क (कन्डम बिनाको यौनसम्पर्क) गरेको भएमा ।
- विदेशमा कहिल्यै रक्तक्षेपण, चिकित्सा वा दन्त प्रक्रिया भएको भएमा ।
- विदेशमा चिकित्सा वा दन्त प्रक्रिया गराउँदा उपकरणहरू राम्ररी बाँटाणुरहित (सफा) नगरिएको भएमा।
- रगत समावेश गर्ने सांस्कृतिक अभ्यासहरूमा भाग लिएको छ भने, जस्तै ट्याटु, छेड्ने वा एक्यूपंक्चर।
- विदेशमा रक्तक्षेपण भएको थियो, वा अस्ट्रेलियामा 1990 भन्दा पहिले भएमा।

